**अध्यक्ष महोदय,**

अब म यस गरिमामय नगरसभा समक्ष आगामी आर्थिक वर्ष २०८१/०८२ को लागि अनुमानित आय व्यय (बजेट) पेश गर्ने अनुमति चाहन्छु । आगामी आर्थिक वर्षको लागि अनुमानित कूल बजेट रू. ९८ करोड ५७ लाख ६४ हजार ९ सय ७५ हुने अनुमान गरिएको छ । जस मध्ये संघीय सरकारबाट वित्तीय समानीकरण अनुदान अन्तर्गत प्राप्त रु. १४ करोड ५० लाख, राजश्व बाँडफाडबाट रु.१३ करोड २४ लाख, संघीय सरकारबाट प्राप्त सशर्त अनुदान चालु तर्फ कूल रु. २८ करोड ७३ लाख ५९ हजार ५ सय, संघीय बिशेष अनुदान अन्तर्गत प्राप्त रु. ३ करोड, संघीय समपुरक अनुदान रु. १ कराड २० लाख, प्रदेश सरकारवाट प्राप्त वित्तिय समानीकरण अनुदान रु. १ करोड ३६ लाख २६ हजार, बिशेष अनुदान अन्तर्गत प्राप्त रु. १ करोड, सवारी साधन कर वाडफाँड शिर्षकमा प्राप्त रु. ७८ लाख ८९ हजार, घरजग्गा रजिष्ट्रेशन दस्तुर अन्तर्गत रु १ करोड, आगामि आ.व.को लागी प्रक्षेपित आन्तरिक आयश्रोत तर्फ रु. ३ करोड ९० लाख ११ हजार ४ सय ७५, चालु आ.व.वाट खर्च नभई वाँकी रहन सक्ने अनुमानित रकम रु. ६ करोड ०८ लाख, सामाजिक सुरक्षा तथा संरक्षणतर्फ प्राप्त रकम रु. २२ करोड अनुमान गरिएको छ । आन्तरिक आयश्रोत तर्फका करका दर र दायराहरू अनुसूचीमा प्रस्तुत गरेको छु ।

आगामी आर्थिक वर्षका लागि चालू खर्च तर्फ कूल ७३ करोड ३३ लाख ४४ हजार ५ सय विनियोजनको प्रस्ताव गरिएको छ र कूल पूँजीगत खर्च रू. २५ करोड २४ लाख २० हजार ४७५ प्रस्ताव गरिएको छ । स्थानीय तहहरूको कार्यान्वयन पश्चात जनताहरूमा धेरै अपेक्षाहरू बढेर आएका छन् । वस्ती बस्तीमा स्थानीय तहको अनुभूति पुरयाउनु छ । त्यसैले आगामी आर्थिक वर्षका लागि हरेक वडाहरू समानुपातिक बिकाशका लागि आबश्यक श्रोत सुनिश्चितता गरी सोही वडा अन्तर्गतबाट जनताहरूले प्रस्ताव गरी पठाइएका आयोजना तथा कार्यक्रमहरूलाई छनौट गरिएको छ । वडा स्तरबाट प्राथमिकीकरण भई आएका आयोजनाहरूमा कूल ५ करोड २८ लाख वजेट विनियोजन गरिएको छ । जनताका सबै अपेक्षाहरूलाई एकै वर्षमा सम्पूर्ण रूपमा संवोधन गर्न कठीन हुने भएकाले जनस्तरबाट छनौट भई आएका तर चालु आर्थिक वर्षका लागि वजेट विनियोजन हुन नसकेका योजना तथा कार्यक्रमहरूलाई योजना बैंकको रुपमा सुचिकृत गरी प्राथमिकताका आधारमा प्रदेश सरकार

